

सत्तामोहले थला परेको कांग्रेस

श्रीमन नारायण ३



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७७०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०




❑ वर्ष-२१ ❑ अंक - १६२ ❑ २०८३ असार ०५ गते शुक्रबार ❑ Friday, 19 June, 2026 ❑ मूल्य ७ /-


# धानमा लागत बढ्दा मूल्य घट्यो

✎ झापाका चैते धान उत्पादक किसान मर्कामा ✎ खेतीबाट विस्थापित हुने खतरा

✎ पूर्वसन्देश समाचार



**दमक/** झापाका धान उत्पादक किसानहरु यतिबेला धानको उचित बजार मूल्य नपाउँदा ठुलो चिन्तामा परेका छन् । जिल्लामा चैते धान भित्र्याउने चटारो सकिँदै गर्दा बजारमा धानको मूल्य प्रतिमन (४० केजी) सात सयदेखि साढे सात सय रुपियाँसम्म मात्र झरेपछि किसानहरु मारमा परेका हुन् । उत्पादन लागत आकाशिए पनि सो अनुपातमा मूल्य नपाउँदा धान खेती नै घाटाको व्यवसाय बन्दै गएको उनीहरूको गुनासो छ ।

उत्पादन लागत बढेको अनुपातमा मूल्य नपाउँदा धान खेती नै घाटाको व्यवसाय बन्दै गएको उनीहरूको गुनासो छ । दुई बाली धान खेती गरे पनि मूल्य नपाउँदा बेकारमा गरेको जस्तो हुने गरेको किसानको गुनासो छ । किसानका अनुसार ट्याक्टर र थ्रेसरको भाडा पछिल्लो समय करिब २५ प्रतिशतसम्म बढेको छ । श्रमिकको ज्याला पनि महँगिएको छ तर उत्पादनको मूल्य भने निरन्तर ओरालो लाग्दा खेतीबाट लगानीसमेत उठाउन मुस्किल हुन थालेको छ । उनले भने ।

वर्षमा दुई बाली (चैते र बर्खे) धान खेती गरेर जीविकोपार्जन गर्दै आएका किसानहरु लागत समेत नउठ्ने अवस्था आएपछि निराश बनेका छन् । खेतीका लागि आवश्यक रासायनिक मल, बिउ, विषादी, श्रमिक, ट्याक्टर तथा थ्रेसरको खर्च हरेक वर्ष बढ्दै गए पनि धानको मूल्य भने अघिल्ला वर्षहरूभन्दा घट्दै गएको छ ।

विगतका वर्षहरूमा झापामा चैते धानको मूल्य प्रतिमन ८ सय ५० देखि ९ सय रूपियाँसम्म पुग्ने गरेको तथ्यांक छ । तर, यस वर्ष मूल्यमा प्रतिमन झण्डै १५० देखि २०० रूपियाँसम्मको गिरावट आएको छ । यसरी एकातिर मुख्य उत्पादकत्व बढाउने इन्धन र पाटपुर्जाको मूल्य बढ्नु र अर्कोतिर उत्पादित वस्तुको मूल्य ओरालो लाग्नुले कृषि क्षेत्रमा गम्भीर संकट निम्त्याएको देखिन्छ ।

कमल गाउँपालिका-६ का किसान ख्याम आचार्यले अहिले खेतीकिसानी गर्नेको पीडा बुझिदिने कोही नभएको गुनासो गरे । "प्रतिमन साढे सात सय रूपियाँ मूल्य पाउँदा पनि धेरै पाए जस्तो लाग्ने अवस्था छ । खेतीमा लाग्ने सबै खर्च बढेको छ, तर धानको मूल्य भने झन् घटेको छ ।"

दमक-१० का किसान सागर मिश्रले आफूले प्रतिमन ७ सय २५ रूपियाँमा धान बिक्री गरेको बताए । उनका अनुसार धान भित्र्याएपछि बाँकी ४ पेजमा ▸▸

## आरजुलाई अख्तियारको चिठी



**दमक/** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवालाई बयानका लागि बोलाएको छ ।

पासपोर्ट छपाइमा भएको अनियमितता प्रकरणमा आयोगले २ दिनअघि (मंगलबार) बूढानीलकण्ठ स्थित देउवा निवासमा बयानका लागि म्याद तामेलीको सूचना टाँसेको हो । सूचना टाँसेको मितिले बाटोको म्यादबाहेक ३ दिनभित्र आयोगको टंगालस्थित कार्यालयमा बयान दिन उपस्थित हुन भनिएको छ ।

सूचनामा भनिएको छ- 'यस आयोगमा परेको वादी नेपाल सरकार प्रतिवादी आरजु राणा देउवा समेत भएको राहदानी छपाई सम्बन्धी कार्यमा भ्रष्टाचारजन्य कसुर गरेको भन्ने उजुरीको अनुसन्धानको सिलसिलामा तपाईसँग बयान लिनुपर्ने भएकोले यो सूचना बुझेको वा तपाईंको घरदैलोमा टाँस भएको मितिले बाटोको म्याद बाहेक ३ (तीन) दिनभित्र यस आयोगको महाशाखा नं. १२, कोठा नं. १२ टंगाल,

## महराले गरे राजनीतिबाट अलग हुने घोषणा

**दमक/** नेपाल कम्युनिष्ट पार्टीका नेता कृष्णबहादुर महराले स्वास्थ्य अवस्थालाई कारण देखाउँदै पार्टीको सक्रिय जिम्मेवारीबाट अलग हुने घोषणा गरेका छन् । उनले बुधबार एक वक्तव्य जारी गर्दै आजकै मितिदेखि सक्रिय जिम्मेवारीबाट अलग भई साधारण सदस्यका रूपमा रहने निर्णय गरेको जानकारी दिएका हुन् ।

महराले विगत करिब ४८ वर्षदेखि नेपाली कम्युनिष्ट आन्दोलनका विभिन्न चरण, उतारचढाव, संघर्ष र परिवर्तनका यात्रामा निरन्तर सहभागी हुँदै आएको उल्लेख गरेका छन् । नेकपा चौथो महाधिवेशन, मशाल, एकता केन्द्र, माओवादी, एकीकृत नेकपा (माओवादी), माओवादी केन्द्र हुँदै हाल नेपाल कम्युनिष्ट पार्टीसम्मको यात्रामा आफूले आफ्नो क्षमता, समय र जीवनको महत्वपूर्ण हिस्सा पार्टी, आन्दोलन, देश र जनताको सेवामा समर्पित गरेको उनले बताएका छन् ।

रास्वपा विधानमा "वरिष्ठ नेता" थप्ने सहमति

## बालेनलाई सोझै मनोनित गरिने



**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को विधानमा पहिलोपटक 'वरिष्ठ नेता' को पद सिर्जना गरिने भएको छ । आगामी महाधिवेशनमा प्रस्तुत हुने विधान संशोधन प्रस्तावमा 'वरिष्ठ नेता' थप्ने सहमति गरिएको हो ।

रास्वपामा हाल प्रधानमन्त्री वालेन्द्र शाह वरिष्ठ नेता छन् । तर, पार्टीको विधानले उनलाई चिन्दैन । बालेन रास्वपामा विलय हुँदा पदाधिकारी बस्न नचाहेपछि सभापतिपछिको वरीयतामा रहने गरी वरिष्ठ नेताका रूपमा व्यवस्थापन गरिएको थियो । यो पदलाई अब वैधानिकता दिन बसेको सचिवालय वैठकमा सहमति जुटेको हो ।

'वरिष्ठ नेता' सेरेमोनियल रूपमा मात्रै रहने पार्टीका एक पदाधिकारीले बताए । यो पदमा निर्वाचन नहुने ती पदाधिकारीको भनाइ छ ।

'वरिष्ठ नेता भनेको पदाधिकारी नभएर एउटा सम्मानित पदका रुपमा मात्रै रहने छ । त्यसैले यसमा निर्वाचनको साटो मनोनयन गर्ने व्यवस्था हुन्छ,' उनले भने ।

स्रोतका अनुसार प्रधानमन्त्री बालेन नै वरिष्ठ नेता बन्ने छन् । उनलाई वरिष्ठ नेतामा निरन्तरता दिने समझदारी पहिल्यै भएको बुझिएको छ । बालेनले रास्वपामा शक्तिशाली पद लिने चाहना देखाएका छैनन् ।

विहिबार बसेको सचिवालय वैठकले एकजना सहमहामन्त्री पनि थप्ने निर्णय गरेको छ । यसअघि बाँकी ४ पेजमा ▸▸

## कोशी प्रदेशका नौ सहकारी खारेजीको प्रक्रियामा

**दमक/** कोशी प्रदेश सरकारले कार्यक्षेत्रमा नदेखिएका र लामो समयदेखि सम्पर्कविहीन रहेका ९ वटा सहकारी संस्थाहरूलाई खारेजीको प्रक्रियामा लगेको छ । उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयले मोरङ र सुनसरीका यी सहकारीहरूलाई खारेज गर्नुअघि अन्तिम पटक सफाइ पेश गर्न १५ दिने सार्वजनिक सूचना जारी गरेको हो ।

खारेजीको सूचीमा मोरङका ४ र सुनसरीका ५ वटा सहकारी रहेका छन् । मोरङको पथरीस्थित मोफसल प्रकाशन सहकारी, बेलबारीको कोशेली बचत तथा ऋण सहकारी, मृगौलियाको नवजागरण बहुउद्देश्यीय र सुन्दरहरैँचाको युवा कृषि सहकारी संस्थालाई खारेजीको प्रक्रियामा लगिएको छ ।

त्यसैगरी सुनसरीको दुहवीस्थित नीलकण्ठ कृषि सहकारी र आरोग्य स्वास्थ्य सेवा (अस्पताल) सहकारी, इटहरीका जब्दी महिला कृषक बचत तथा ऋण र आदर्श कृषि सहकारी तथा रामधुनीको तिनकुने महिला बचत तथा ऋण सहकारी संस्था पनि खारेजीको सूचीमा परेका छन् । बाँकी ४ पेजमा ▸▸

## झापामा सडक दुर्घटनाको 'ग्राफ' बढ्दै

**दमक/** जिल्लामा पछिल्लो महिनामा भएका सवारी दुर्घटनाहरूमा मानवीय त्रुटि र चालकको लापर्वाही नै मुख्य कारक रहेको पाइएको छ । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार सडक र सवारी साधनको चुस्तताभन्दा चालकको व्यवहारका कारण जिल्लाभर सडक दुर्घटनाको ग्राफ उकालो लागेको हो ।

प्रहरीको जेठ महिनाको मासिक प्रगति प्रतिवेदनअनुसार समीक्षा अवधिमा जिल्लाभर कूल १७४ वटा सडक दुर्घटना भएका छन् । जसमध्य १५४ वटा दुर्घटना चालककै चरम लापर्वाहीका कारण भएको देखिएको छ । यसको तुलनामा सडकको दूरावस्थाका कारण पाँच वटा र सवारीसाधनको यान्त्रिक गडबडीका कारण तीन वटा मात्रै दुर्घटना भएका छन् । यसबाहेक यात्रुको गल्तीका कारण आठ वटा, छाडा चौपायाको कारण एउटा र तीन वटा अन्य कारण सवारी दुर्घटना भएको प्रहरी नायब उपरीक्षक अवाले जानकारी दिए ।

यस अवधिमा भएका सवारी दुर्घटनाहरूमा परी आठ जनाले ज्यान गुमाएका छन् भने २८६ जना घाइते भएको प्रहरीले जनाएको छ । सडक सुरक्षालाई मध्यनजर गर्दै झापा प्रहरी र ट्राफिक प्रहरीले संयुक्त रूपमा गरेको सवारी जाँच अभियानअन्तर्गत नियमविपरीत चलेका दुई हजार ७३३ वटा सवारीसाधनलाई कारबाही गर्दा रू २८ लाख ३३ हजार ९१ राजस्व संकलन भएको प्रहरीले जनाएको छ ।

## राप्रपाको महाधिवेशन कार्यतालिका पारित

**दमक/** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आगामी महाधिवेशनको कार्यतालिका पारित गरेको छ। पार्टी कार्यालय धुम्बाराहीमा बिहीबार बसेको राप्रपा केन्द्रीय कार्यसम्पादन समितिको बैठकले आगामी मंसिर २६, २७ र २८ गते काठमाडौँमा महाधिवेशन आयोजना गर्नेसहितको कार्यतालिका पारित गरेको अध्यक्ष राजेन्द्र लिङ्देनले जानकारी दिए।

बैठकमा निर्वाचन समितिले प्रस्तुत गरेको नियमावली र निर्देशिका समेत परिमार्जन सहित पारित गरेको छ। केन्द्रीय कार्यसम्पादन समितिबाट गरिएका प्रस्तावहरूलाई शुक्रवारबाट सुरु हुने केन्द्रीय समितिको बैठकमा प्रस्तुत गरिने अध्यक्ष लिङ्देनले बताए। केन्द्रीय समितिको बैठकले केन्द्रीय कार्यसम्पादन समिति पारित प्रस्तावहरूमाथि छलफल गरेर आवश्यक निर्णय लिने उनले जानकारी दिए।

## राष्ट्र बैंकलाई सुझाव

**दमक/** नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले आगामी आर्थिक वर्ष २०८३-८४ को मौद्रिक नीतिका लागि नेपाल राष्ट्र बैंकलाई १२ बुँदे सुझाव बुझाएको छ। महासंघका उपाध्यक्ष रबिन दाहालले नेपाल राष्ट्र बैंकका निर्देशक सुमन न्यौपानेलाई भेट गरी औद्योगिक र व्यावसायिक क्षेत्रको सुधारका लागि विशेष व्यवस्था गर्न माग गरेका हुन्। महासंघले बुझाएको सुझावमा विशेषगरी उत्पादनमूलक उद्योग र व्यापारिक क्षेत्रलाई हेर्ने नीतिगत दृष्टिकोण फरक हुनुपर्नेमा जोड दिइएको छ। महासंघले स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योगहरूलाई प्रोत्साहन गर्न बैंकहरूले लिने रिस्क प्रिमियम अधिकतम ०.५ प्रतिशत भन्दा बढी हुन नहुने माग गरेको छ। बाँकी ४ पेजमा ▸▸

## सम्पत्ति शुद्धिकरणको मुद्दामा झापाका दुईजना तानिए

दमक/सम्पत्ति शुद्धिकरणको मुद्दामा झापाका दुईजना तानिएका छन् । गत बैशाख २७ गते साँझ बिर्तामोडबाट अनलाइन सट्टाबाजीमा संलग्न रहेको आशंकामा पक्राउ परेका दुई जनामाथि सम्पत्ति शुद्धिकरणको मुद्दासमेत दर्ता गरिएको हो ।

पक्राउ पर्नेहरूमा मेचीनगर नगरपालिका-१० का २७ वर्षीय विपिन गिरी र बिर्तामोड नगरपालिका-६ का ३६ वर्षीय भुवन मेचे रहेका छन् ।

गिरीलाई बिर्तामोड-५ स्थित गो ६९ क्याफे र मेचेलाई बिर्तामोड-४ स्थित रेड हट चिल्लीबाट नियन्त्रणमा लिइएको हो । पक्राउ परेका दुवै जनामाथि अनलाइन बेटिङ मुद्दाबाट सम्पत्ति शुद्धिकरण मुद्दामा समेत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## झापामा विपद्बाट १० करोडभन्दा बढीको क्षति

**दमक/** झापा जिल्लामा गत जेठ महिनामा भएका विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का घटनाबाट दश करोडभन्दा बढीको आर्थिक क्षति भएको छ । जिल्ला प्रहरी कार्यालय झापाले सार्वजनिक गरेको मासिक प्रगति प्रतिवेदनअनुसार आगलागी, हावाहुरी र जंगली जनावरको आक्रमणका कारण ठूलो परिमाणमा भौतिक तथा मानवीय क्षति भएको हो ।

प्रहरीको तथ्यांकअनुसार जिल्लाभर प्राकृतिक विपद्मा सबैभन्दा बढी क्षति आगलागीका कारण भएको छ । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार जेठमा जिल्लाका विभिन्न स्थानमा १५ वटा आगलागीका घटना घटेका थिए । सो आगलागीका कारण नागरिकको घरगोठ र धनमाल नष्ट हुँदा रू छ करोड ३९ लाख ४० हजार बराबरको आर्थिक क्षति भएको हो । यसैगरी सोही महिनामा आएको ठूला हावाहुरीका कारण जिल्लाका विभिन्न स्थानमा गरी रू चार करोड सात लाख १६ हजार बराबरको क्षति भएको छ ।

झापामा रैथाने तथा सीमावर्ती क्षेत्रबाट आउने वन्यजन्तुको त्रास र प्राकृतिक प्रकोपको क्षति पनि उत्तिकै बाँकी ४ पेजमा ▸▸


**कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं**

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

*खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।*

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# सम्पादकीय

## चिया उद्योगको संकट हटाउन आवश्यक

झापा र इलामका चिया बगान तथा उद्योगहरु धमाधम बन्द हुँदा हजारौं श्रमिक एकैपटक बेरोजगार हुनु मुलुकको अर्थतन्त्र र श्रम बजारका लागि एउटा गम्भीर चेतावनी हो । भारतीय चिया बोर्डले नेपाली चिया निर्यातमा विगत ४५ दिनदेखि लगाएको अघोषित अवरोध हटाउन नेपाल सरकारले बेलैमा कूटनीतिक पहल नगर्दा आज पूर्वी नेपालको मुख्य आर्थिक खम्बा मानिने चिया क्षेत्र ठप्प हुन पुगेको छ । नेपाल चिया उत्पादक संघले बाध्य भएर उद्योग र बगान बन्दको घोषणा गर्नु सरकारको आर्थिक र कूटनीतिक लाचारीको प्रत्यक्ष नतिजा हो ।

दशकौंदेखि नेपाली चिया उद्योगले आन्तरिक समस्या मात्र होइन, वैदेशिक बजारमा पनि अनेकौं अवरोध झेल्दै आएको छ । विशेषगरी भारततर्फ निर्यात हुने चियामा गुणस्तर परीक्षणको बहाना वा अन्य गैर-भन्सार अवरोध खडा गरेर नेपाली उत्पादनलाई निरूत्साहित गर्ने काम पटक-पटक हुँदै आएको छ । यससँग जोडिएका हजारौं मजदुर, साना किसान र उनीहरुका परिवारको रोजीरोटी खोसिएको संवेदनशील मानवीय संकट पनि हो । यस जटिल संकटको समाधानका लागि सरकारले अब विनाढिलाइ बहुआयामिक कदम चाल्न जरूरी छ । सबैभन्दा पहिले परराष्ट्र र वाणिज्य मन्त्रालयले भारत सरकार तथा भारतीय चिया बोर्डसँग तत्कालै उच्चस्तरीय कूटनीतिक वार्ता गरी नेपाली चिया निर्यातमा देखिएको अवरोध हटाउन ठोस पहल गर्नुपर्छ । दुईपक्षीय ब्यापार सम्झौताका प्रावधानहरुलाई टेकेर नेपालले आफ्नो बलियो अडान प्रस्तुत गर्न सक्नुपर्छ ।

योसँगै नेपाली चियालाई भारतीय बजारमा मात्रै निर्भर गराउनुको साटो युरोप, अमेरिका र अन्य तेस्रो मुलुकतर्फ निर्यात गर्न सरकारी स्तरबाटै ब्रान्डिङ र नयाँ बजारको खोजी गरिनुपर्छ । साथै, नेपाली चियाको गुणस्तरमाथि छिमेकी मुलुकले बारम्बार प्रश्न उठाउने बाटो बन्द गर्न अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला र प्रमाणीकरण केन्द्र नेपालभित्रै सुदृढ गर्न आवश्यक छ ।

अर्कातर्फ, उद्योग बन्द हुँदा मारमा परेका श्रमिकको जीविकोपार्जन र टाट पल्टिने अवस्थामा पुगेका चिया उद्योगीलाई बचाउन सरकारले तत्काल विशेष आर्थिक राहत वा सहुलियत प्याकेजको ब्यवस्था गर्नुपर्छ । चिया क्षेत्र नेपालको कृषि र उद्योग दुवैको एउटा बलियो खम्बा हो । यसलाई यसरी नै भत्किन दिने हो भने राज्यले ठूलो राजस्व गुमाउने मात्र होइन, बेरोजगारीका कारण उत्पन्न हुने सामाजिक असन्तोषको समेत सामना गर्नुपर्नेछ । तसर्थ, सरकारले झापा र इलामका चिया बगानमा लागेको ताला खोल्न र श्रमिकहरुलाई काममा फर्काउन तत्काल युद्धस्तरमा काम गरी स्थायी निकास दिनु आजको अपरिहार्य आवश्यकता हो ।

# सत्तामोहले थला परेको कांग्रेस



✍ श्रीमन नारायण

**नेपाली काँग्रेस देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी हो । नेपालमा प्रजातन्त्रको स्थापना, पुनः स्थापना तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा यसको भूमिका अग्रणी र महत्वपूर्ण रहेको छ । नेपाली जनताले यस पार्टीमाथि विश्वास गरी तीन पटक बहुमत पनि प्रदान गरेको हो, तर पार्टी भित्रको अन्तरकलहका कारण यस पार्टीले जनादेशको सम्मान गर्न नसकी आन्तरिक विवादकै कारण सत्ताबाट बाहिरिएको हो ।**

जनआन्दोलन-२ को सफलता पश्चात काँग्रेस वामपन्थी दलसँगको सहकार्य र सहयात्राका कारण अर्द्धवामपन्थको चरित्र बोक्न बाध्य भयो । जसरी नेपालका कम्युनिष्टहरू अर्द्धबामपन्थ र अर्द्धलोकतन्त्रको चरित्रलाई बोकी हिँडन बाध्य भएको छ । त्यसरी नै नेपाली काँग्रेस पनि अर्द्धबामपन्थको चरित्र बोक्न बाध्य भएको छ । अब चाहेर पनि नेपाली काँग्रेस आफनो मौलिक चरित्रलाई आत्मसात गर्न सक्दैन ।

आम निर्वाचन-२०८२ मा पार्टीले ऐतिहासिक पराजय भोग्न पर्‍यो । पार्टीको अधिकांश दिग्गज नेता चुनावमा पराजित भए । पार्टीको मत प्रतिशतमा पनि ह्रास आयो । ऐतिहासिक पराजयका बाबजुद पार्टीभित्र गुटबन्दी व्याप्त छ । पार्टी तीन भागमा विभाजित देखिन्छ ।

पार्टी सभापति गगनकुमार थापा, पूर्व सभापति शेरबहादुर देउवा र सभापति बन्न इच्छुक डा.शेखर कोइराला पनि पार्टीको नेतृत्व आ ँ नो हातमा आएको हेर्न चाहन्छन् । नेपाली काँग्रेस विगतको अनुभववाट केही सिक्न चाहेको छैन । २०८२ फागुन २१ को निर्वाचन परिणाम पश्चात पार्टी एकजुट भएर चुनाव परिणामको समीक्षा गर्नुपर्नेमा पार्टी भित्र विभिन्न गुट समूहको छुटाछुटै कोठे बैठक भएको देखियो ।

काँग्रेसले आफूलाई सत्ताको स्वाभाविक हकदार ठानेर नै अहिलेसम्म राजनीति गरेको छ । अहिले पनि उसमा यही प्रवृति कायम छ । लोकतन्त्रमा जनता सर्वोपरी हुन्छ । जनताको मतादेशलाई राजनीतिक दलहरूले सहर्ष स्वीकार गर्न सक्नुपर्छ । चुनावमा बहुमत प्राप्त नगरेर अर्थात जनताले सरकार बनाउने किसिमको जनादेश नदिए पनि कथित राष्ट्रिय सहमतिको नाममा येनकेन प्रकरण सरकारमा सहभागी भइहाल्ने नेपाली काँग्रेसको विगत दुई दशकको इतिहासले पनि पार्टीलाई सत्तामुखी दलको रूपमा परिभाषित गर्‍यो ।

काँग्रेस जस्तो पार्टी प्रतिपक्षमा बसेर काम गर्नुको अर्थ लोकतन्त्रलाई बलियो बनाउनु हो । संसदीय व्यवस्था र गणतन्त्रलाई बलियो बनाउनु हो । नेपाली काँग्रेस स्वाभाविक रूपमा ५ वर्ष पछि पुनः सत्तामा आउने नै हो । तसर्थ यसले ५ वर्ष सम्म विपक्षमा रहेर पनि आ ँ नो जनाधार विकसित गर्न सक्दछ । नेपाली काँग्रेसलाई एउटा परिपक्व जिम्मेवार र सम्वेदनशील पार्टीको रूपमा नेपाली जनताले विश्वास गर्दै आएका छन् ।

काँग्रेसले यस विश्वासलाई कायम राख्नुपर्छ । जब कुनै संगठन कमजोर वैचारिक धरातलमा उभिएको हुन्छ, अनि त्यसलाई सफलता पाउन कठिन हुन्छ । आफनो गौरवशाली इतिहास, पार्टीका वरिष्ठ एवं सम्मानित नेताहरूको योगदान तथा कार्यकर्ता पंक्तिको सम्मान गर्न नसक्ने संगठन विस्तार विस्तारै कमजोर हुन थाल्छ । समस्या परेको बेलामा आफनो नेताको बचाउ पनि गर्न सक्नुपर्छ ।

काँग्रेसमा नेतृत्व परिवर्तनको त्यतिवेला सर्वाधिक तीब्र भयो, जतिबेला पार्टी सभापतिलाई पार्टी संगठन र कार्यकर्ताको सर्वाधिक सहयोगको आवश्यकता थियो । तात्कालिक पार्टी सभापतिले त आफनो पदबाट राजीनामा गरिसकेकै थिए । कार्यवाहक सभापति पनि उनले नियुक्त गरिसकेका थिए तर पार्टीको युवा पंक्तिलाई युवा नेतृत्वको आवश्यकता थियो ।

आखिर हतार-हतारमा पार्टीले विशेष महाधिवेशन पनि गर्‍यो, नयाँ नेतृत्व पनि ल्यायो । पार्टीको केन्द्रीय समितिमा पनि बढी नयाँ-नयाँ अनुहार देखिए । तर चुनाव परिणाम भने अपेक्षित आएन । यसले के सावित गर्‍यो भने नेपाली काँग्रेसले आफनो मौलिक पहिचानलाई गुमाइसकेको छ ।

काँग्रेसले २०८२ फागुन २१ को आम निर्वाचनमा प्रत्यक्षतर्फ १८ र समानुपातिक तर्फको २० गरी कुल ३८ जित्न सफल रह्यो । यो प्रदर्शन साढे तीन वर्षअघि भएको निर्वाचन परिणाम ८८ भन्दा निकै कम थियो । पार्टीले साढे तीन वर्षकै अवधिमा ५० सिट गुमाउनु पर्‍यो । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको सारथी भएर सरकारमा खेलेको भूमिकाको कारण नेपाली काँग्रेस पनि एमाले जति नै अलोकप्रिय भएको थियो । जेनजी आन्दोलनमा एमाले भन्दा बढी नै बदनामी नेपाली काँग्रेसको भएको थियो ।

काँग्रेसको विगत साढे तीन दशकका निर्वाचन परिणामको समीक्षा गर्ने हो भने यसको प्रदर्शन मिश्रित देखिएको छ । एक चुनावमा राम्रो प्रदर्शन तर अर्को चुनावमा खराब प्रदर्शन गरेको यसको परम्परा नै रहेको छ । २०४८ सालको आम निर्वाचनमा नेपाली काँग्रेसले ३७.७५ प्रतिशत मतसहित ११० सिट जितेको थियो । स्वतन्त्र रूपमा निर्वाचित २-३ सांसद पनि नेपाली काँग्रेसमै प्रवेश गरेका थिए । तर पार्टीको आन्तरिक कलहका कारण नेपाली काँग्रेसका गिरिजाप्रसाद कोइराला नेतृत्वको त्यो बहुमतको सरकार पनि सबा तीन वर्षमै पतनको शिकार भयो ।

मध्यावधि निर्वाचन २०५१ मा नेकपा एमाले प्रतिनिधिसभामा सबैभन्दा ठलो दलको नाताले सरकारको नेतृत्व त हात पार्‍यो तर सत्तामा पुगेपछि मनपरी गर्न थाल्यो । फलस्वरूप सारा विपक्षी दलहरू एकजुट भई एमाले नेतृत्वको सरकार माथि अविश्वास प्रस्ताव लगाए । आखिर ९ महिनामै एमालेको सरकार पनि अपदस्थ हुन पुग्यो । २०५१ सालको मध्यावधि निर्वाचनमा नेपाली काँग्रेसले ३३.३८ प्रतिशत मत र ८३ सिटमै चित्त बुझाउनु पर्‍यो । पार्टीको मतमा चार प्रतिशतको ह्रास आयो ।

२०६३ को आम निर्वाचनमा पार्टी एकजुट भएर चुनाव लड्यो । पार्टीले ३७.२९ प्रतिशत मत र १११ सिट जित्न सफल रहयो । यो वि.सं.२०५१ सालको चुनावको तुलनामा २८ सिट बढी थियो । ४ प्रतिशत मतको अन्तर हुँदा २८ सिटको उतार-चढाव हुने रहेछ । दुर्भाग्य, नेपाली काँग्रेसले तीन वर्षमा तीन नेतालाई प्रधानमन्त्री बनाए पनि राजनीतिक स्थायित्व प्रदान गर्न सकेन र २०५९ सालको असोजमा तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा लाई विघटन गरी मध्यावधि निर्वाचनको सिफारिस गरे । देउवाको यही निर्णयले तात्कालीन राजा श्री ५ ज्ञानेन्द्रलाई सक्रिय भूमिकामा आउन उत्प्रेरित गर्‍यो । तात्कालीन राजाको यही महत्वाकांक्षा नेपालबाट राजतन्त्रको विदाइको जग बसाल्ने काम पनि गर्‍यो ।

२०६४ मा संविधानसभाका लागि भएको निर्वाचनमा नेपाली काँग्रेसले २१.१४ प्रतिशत मत सहित प्रत्यक्षमा ७३ र समानुपातिकमा ३७ सिट जित्न सफल रहयो । पार्टीलाई मनोनितको ५ सिट पनि प्राप्त भएको थियो । २०७० मा मधेसी दलहरूमा विभाजन र नेकपा माओवादीको घट्दो जनाधारले नेपाली काँग्रेसलाई पुनः देशको सबैभन्दा ठूलो दलको रूपमा स्थापित गर्‍यो । नेपाली काँग्रेसले २९.८० प्रतिशत मतसहित प्रत्यक्षतर्फ १०५, समानुपातिकका ९१ र मनोनित १० गरी २०६ सिट प्राप्त गर्न सफल रहयो । पार्टीको मत प्रतिशतमा ८ प्रतिशतको बृद्धि हुँदा प्रत्यक्ष तर्फ ३२ र समानुपातिक तर्फ ५४ सिटको लाभ हुन पुगेको थियो ।


२०७४ मा वामगठबन्धन र मधेसी दलहरूले मिलेर बनेको मधेसी गठबन्धन गरी चुनावमा त्रिपक्षीय भीडन्त हुँदा नेपाली काँग्रेसलाई हानी हुनु स्वाभाविकै थियो । काँग्रेसको मत १२ प्रतिशतले ह्रास आयो । प्रत्यक्ष तर्फ पार्टीले ३२ र समानुपातिकमा ५७ सिट जित्न सफल रह्यो । २०७९ को निर्वाचनमा नेपाली काँग्रेसले ५ दलसँग मिलेर चुनावमा गयो । सबैभन्दा बढी सिट त पार्टी जित्यो तर नेकपा माओवादी र एमालेको धूर्त्याइका कारण पार्टी कि त प्रतिपक्षमा बस्नु पर्‍यो कि त सत्ताको सहयोगीको रूपमा रहनु पर्‍यो । तर आरोप भने सबैभन्दा बढी यसैले झेल्नु पर्‍यो ।

२०८२ फागुनमा भएको निर्वाचनमा पार्टीको मत प्रतिशतमा ९ प्रतिशतको ह्रास आयो । चुनावमा नेपाली काँग्रेसले ठूलो पराजय भोग्नु पर्‍यो तर मुख्य प्रतिपक्षमा भने अवश्य पनि छ । पार्टीले संसदमा विपक्षको भूमिका निर्वाह गर्न सक्नुपर्छ । संसदमा रहेका एमाले, श्रम संस्कृति पार्टी राप्रपा र नेकपासित मिलेर एउटा मोर्चा बनाई प्रतिनिधिसभामा सशक्त विपक्षको भूमिका निर्वाह गर्नुपर्छ । दुई तिहाई बहुमतको सरकार रास्वपाले बनाएको छ तर यो अनुभवहीनको भीड पनि हो ।

उत्साहमा आएर बालेन सरकारले एक पछि अर्को गल्ती गर्दै जानेछ । डेढ महिनामै यस सरकारको निर्णयका कारण जनता सडकमा आउन पुगे । एउटा गल्तिलाई सच्चाउन, यसले फेरि अर्को नयाँ गल्ति गर्नेछ । त्यसैले नेपाली काँग्रेसको भूमिका बढी महत्वपूर्ण हुनेछ तर यसको निम्ति सर्वप्रथम यो पार्टी एकजुट हुनु आवश्यक छ । पार्टी भित्रको आन्तरिक मतभेद हटाउनु आवश्यक छ ।

### धर्म/संस्कृति

# धर्ममा आस्था राख्नेहरु निरोगी हुन्छन् ?



धर्ममा आस्था राख्नेहरू नास्तिक भन्दा अपेक्षाकृत बढी स्वस्थ्य हुन्छन् ? धार्मिक आस्था राख्नेहरू धुमपान र मदिरा सेवन तुलनात्मक रूपमा कम सेवन गर्छन् ? एक सर्वेक्षण अनुसार धर्ममा आस्था राख्नेहरू कम्तीमा खानपानप्रति सजग र अनुशासित हुने देखिएको छ । त्यही कारण नास्तिकको तुलनामा उनीहरू बढी स्वस्थ्य र तन्दुरूस्त हुने गरेका छन् ।

जीवनशैलीसँग सम्बन्धित यी बानीहरूका कारण उनीहरूको मानसिक स्वास्थ्य पनि अपेक्षाकृत कमजोर हुन्छ र आयु कम हुन्छ । करिव एक लाख मानिसमा गरिएको एउटा सर्वेक्षणबाट यो कुरा प्रमाणित भएको हो ।

**नास्तिकहरु बढी पियक्कड हुने सर्बेक्षणः**

बेलायतको अफिस फर नेशनल स्टाटिस्टिकद्वारा जारी गरिएको एउटा रिपोर्टका अनुसार आस्तिक मानिसहरूको तुलनामा धर्ममा आस्था नराख्ने मानिसहरूका धुम्रपान गर्ने बानी पनि दुई गुणा बढि हुने सम्भावना हुन्छ । यसमा भनिएको छ-'धर्मलाई नमान्ने मानिस हरेक पाँचमध्ये एक व्यक्तिले धुम्रपान गर्छ । त्यस्तै सिख, ईसाई अथवा इस्लाम धर्मलाई मान्ने हरेक १० मध्ये एक जना व्यक्तिले धुम्रपान गर्छ ।

उक्त रिपोर्टका अनुसार धर्ममा विश्वास नगर्ने मानिसहरूले मदिरा पिउने सम्भावना धेरै हुन्छ । आस्तिकहरूमा यस्तो लक्षण कम मात्र देखिन्छ ।

**मानसिक स्वास्थ पनि उत्कृष्टः**

धर्ममा आस्था राख्ने मानिसहरू केवल शारीरिक स्वास्थको प्रसंगमा मात्र नास्तिकहरूभन्दा उत्कृष्ट हुँदैनन्, उनीहरूको मानसिक स्वास्थ्य पनि अपेक्षाकृत उत्कृष्ट हुन्छ ।

उक्त रिपोर्टमा के भनिएको छ भने ६८ प्रतिशत ईसाई, ७७ प्रतिशत यहूदी, ७२ प्रतिशत हिन्दू, ६९ प्रतिशत शिख तथा ६६ प्रतिशत इस्लाम धमावलम्बिहरूले आफ्नो स्वास्थ्यप्रति सन्तुष्टि जनाए । त्यहीँ, धर्ममा विश्वास नगर्नेहरू केवल ६४ प्रतिशत मानिसले मात्र आफ्नो स्वास्थ्यको अवस्थाप्रति सन्तुष्ठि जनाए ।

**जीवनशैलीसंग सम्बन्धित बानीहरुः**

यो भन्दा पहिला सन् २०१८ अमेरिकामा सार्वजनिक भएको एउटा रिपोर्टमा पनि नियमित चर्च जानेहरू, धर्ममा आस्था नराख्ने मानिसहरूको तुलनामा औसत चार पर्ष बढि बाँच्ने गर्छन् भनिएको थियो । त्यसमा भनिएको थियो -'धर्मलाई मान्ने मानिसहरू सामाजिक गतिविधिहरूमा धेरै सहभागी हुन्छन् तर उमेर लामो हुने यही एउटा कारण भने होइन । यसको दोस्रो पाटो जीवनशैलीसंग सम्बन्धित बानीहरू पनि हुन्, जसमा आस्तिक विशेष रूपमा टाढा रहन्छन् । धुम्रपान र मदिरा जस्ता बानीबाट सावधान हुनेहरूको जीवन लामो हुन्छ ।

# फुसको छानोमुक्त पालिका घोषणा गरिने

ताप्लेजुङ/ ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाले आगामी २०८३ साल पुस महिनाभित्र पालिकालाई पूर्ण रूपमा फुसको छानोमुक्त घोषणा गर्ने लक्ष्य लिएको जनाएको छ । गाउँपालिकाले मङ्गलबारदेखि सुरू गरेको सार्वजनिक सुनुवाइ कार्यक्रमअन्तर्गत वडा १ निगुरादिनमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष दीपेन्द्र पोमू (दिपेन) ले उक्त घोषणा गरेका हुन् ।

हालसम्म गाउँपालिकाभर करिब ५ सय घरधुरीका फुसका छाना हटाएर सुरक्षित तथा व्यवस्थित छाना निर्माण गरिएको छ । अब केवल ७४ घरपरिवारमा मात्र फुसको छानो बाँकी रहेको र ती घरपरिवारको छाना आगामी पुस महिनाभित्र विस्थापन गरिसक्ने योजना रहेको उनले जानकारी दिए ।

# मकैमा फौजी कीराको प्रकोप

धनकुटा/विगतका वर्षहरूमा झैं यो वर्षपनि लगाएको मकै खेतीमा अमेरिकन फौजी कीरा लागेपछि धनकुटाका किसान चिन्तित भएका छन् ।

पछिल्लो केही समय यता मकैबाली लगायत हरियोबालीमा फौजी किराको प्रकोप दिनानुदिन बढ्दै गएका कारण बालीमा क्षति पुर्‍याएपछि धनकुटाका किसान चिन्तित भएका हुन् ।

अमेरीकी फौजी कीरा करिब सात वर्षअघि अमेरीका, अफ्रिका र भारत हुँदै नेपाल आइपुगेको पाइन्छ । नेपालको तराइ र पहाड क्षेत्रको मौसम फौजी कीराका लागि उपयुक्त रहेको पाइन्छ । फौजी कीराले धनकुटामा बर्सेनि मकैबाली लगायत हरियो बालीमा असर गर्दैआएको छ । कीराको आक्रमणका कारण मकै सुक्ने र ढल्ने गरेकाले समस्या भएको धनकुटाको पाख्रीबास नगरपालिका-५, स्थित दियालेका कृषक देवेन्द्रबहादुर निरौलाले बताए ।

उनले भने "पानी पर्‍यो दुःखले खनजोत गरी मकैबाली त लगायौं तर बिउ पनि नउठ्ने भयो । कृषकले लगाएको खान त परको कुरा, फौजी कीराको प्रकोपले बारीमै सुकेर गएका छन् । मकैमा विषादी लगाउँदा पनि रोकथाम हुन सकेन ।" करिब १५ घर परिवारको बसोवास रहेको यस क्षेत्रमा मकै लगायत बालीमा फौजी कीराको आक्रमणले किसान मारमा परेका छन् । उनी मात्र हैन, कृषक अमरबहादुर तामाङको पनि उस्तै समस्या रहेको छ । तामाङले करिब १८ रोपनी क्षेत्रफलमा मकै खेती लगाएका छन् ।

पानी नपरेपछि फौजी कीराले मकैमा आक्रमण धेरै गर्ने गरेको किसानले बताएका छन् । उनले भने- "वर्षमा तीनबाली लगाउने गरेको थियो, यो वर्ष त एक बाली पनि उठ्न गाह्रो छ, के खाने ।'

सूर्योदयपछि सूर्य अस्तसम्म लुकेर बस्ने फौजी कीराले मकैको पातमा पसेर गाबो रातारात खाने गर्दछ । फौजी कीरा दिनभर सुसुप्त अवस्थामा बस्ने र रातभरि सक्रिय हुने गर्छ । यो कीराको आक्रमण तीब्र रूपमा फैलिएको कारण मकैका कलिला बोट सुक्न थालेका अर्का किसान नेत्रबहादुर भुजेलले भने ।

धनकुटाका धेरैजसो मकैखेती गरेको ठाउँमा फौजी कीराको समस्या रहेको किसानको गुनासो छ । हरेक वर्ष यो समस्या भइरहेको भन्दै नगरपालिका र ज्ञान केन्द्रमा धाउनु परेको किसानहरु बताउछन् । धनकुटाको पाख्रीबासस्थित डिकुरे, गैरीगाउँ, दियाले, कटहरे, डडुवा बढी मात्रामा फौजी कीराको प्रकोप बढेको पाइन्छ । यस्तै, महालक्ष्मी नगरपालिका लगायत क्षेत्रका खेतबारीमा मकैको बोट पहेँलिँदै सुक्न थालेको छ । समग्र जिल्लाको तल्लो भूभागमा फौजी कीराको प्रकोप बढ्दै गएको छ । मकै खान मात्र नभई वस्तुभाउलाई खुवाउने घाँससमेत सुक्न थालेको किसानहरूले गुनासो गरेका छन् । यता कृषि ज्ञान केन्द्र धनकुटाका अनुसार फौजी किराको सङ्क्रमण कम वर्षा भएको समयमा बढी हुने जनाएको छ । यो पटक भने वर्षा कम भएकाले सङ्क्रमण भएको ज्ञान केन्□को भनाइ छ । फौजी कीराको जोखिम देखा परेको ठाउँमा किसानलाई ज्ञान केन्द्रले स्थानीय तहमार्फत विषादी वितरण गर्ने गरेको र स्थानीय तहले आफैँ विषादी वितरण गर्दै आएको ज्ञान केन्□का प्रमुख नगेन्द्र रानाले जानकारी दिए ।







# जंगली हात्तीबाट ज्यान जोगाउन मुस्किल

## झापामा 'स्पेसल टास्क फोर्स' ले सुरक्षा दिने



**दमक/** झापामा जंगली हात्तीबाट ज्यान जोगाउन मुस्किल हुने भएको छ । गतहप्ता मेचीनगर नगरपालिका-४ मा ६२ वर्षीया पद्मा पौडेलको आ ँ नै आँगनमा हात्तीको आक्रमणमा मृत्यु भएपछि स्थानीयवासीले जीउधनको सुरक्षाका लागि सरकारले तत्काल समाधानमुखी कदम चाल्नुपर्ने माग राख्दै आएका छन् ।

वन्यजन्तु आरक्ष क्षेत्र नभएकाले हात्ती नियन्त्रणका लागि सिधै सुरक्षाकर्मी परिचालन गर्ने प्रक्रिया सहज छैन । सशस्त्र प्रहरी बल र नेपाल प्रहरी संघीय सरकार मातहत रहेका छन् भने सशस्त्र वन रक्षक प्रदेश सरकारको मातहतमा रहन्छन् ।

सोही कारण झापामा जंगली हात्तीबाट सर्वसाधारणको जीउधनको सुरक्षाका लागि जिल्लामा 'स्पेसल टास्क फोर्स' परिचालन गरिने भएको हो । प्रधानमन्त्री कार्यालयको निर्देशनमा 'स्पेसल टास्क फोर्स' गठनको प्रक्रिया अघि बढेको झापा निर्वाचन क्षेत्र नं १ की प्रतिनिधिसभा सदस्य निशा डाँगीले जानकारी दिइन् । "प्रधानमन्त्री कार्यालयले सम्बन्धित निकायहरूलाई प्रक्रिया अघि बढाउन बुधबार भनिसकेको छ", उनले भनिन्, "अब प्रमुख जिल्ला अधिकारीले 'स्पेसल टास्क फोर्स' परिचालनका लागि आवश्यक समन्वय गर्नु हुनेछ ।"


सोही घटनापश्चात् सांसद डाँगी र राष्ट्रियसभा सदस्य रोशनी मेचेले जंगली हात्ती नियन्त्रण गरी नागरिकको जीउधनको सुरक्षाका लागि ठोस कदम चाल्न सरकारसँग माग गर्दै संसदमा आवाज उठाएकी थिइन् ।

'स्पेसल टास्क फोर्स'मा सशस्त्र प्रहरी, नेपाल प्रहरी र सशस्त्र वन रक्षकलाई सामेल गराइने र त्यसको परिचालन प्रमुख जिल्ला अधिकारी आफैँले गर्ने कार्ययोजना बनेको सांसद डाँगीले बताइन् । फोर्सलाई हात्तीको प्रवेशगौडा मानिएको मेचीनगरको सीमावर्ती बाहुनडाँगी क्षेत्रमा खटाइने जनाइएको छ । सो क्षेत्रमा अन्तरराष्ट्रिय सीमा पार गरेर भारतको आसाम र पश्चिम बंगालबाट ३० देखि १०० वटासम्म जंगली हात्तीको बथान एकैपटकमा नेपाल प्रवेश गर्दै आएको छ ।

'स्पेसल टास्क फोर्स'मा कति सुरक्षाकर्मी परिचालन हुने भन्ने यकिन भइसकेको छैन । सांसद डाँगीले ५० जना सुरक्षाकर्मी माग गरिएको बताइन् । "हात्ती नियन्त्रणका लागि अनुभवी र तालिमप्राप्त सुरक्षाकर्मी परिचालन गर्नुपर्ने भएकाले सुरूमा कम्तीमा दश जनाको संख्यामा भए पनि 'स्पेसल टास्क फोर्स' परिचालन गर्दा हुने सुझाव आइरहेको छ ।" मेचीनगरमा 'स्पेसल टास्क फोर्स' परिचालन गरिने खबरले स्थानीयवासी उत्साहित भएका छन् । मेचीनगर नगरपालिका-४ का वडाध्यक्ष अर्जुन कार्कीले सर्वसाधारणको जीउधनको सुरक्षाका लागि नेपाल सरकारले सुरक्षाकर्मी परिचालन गर्ने खबर स्वागतयोग्य रहेको बताए ।

तत्कालीन बाहुनडाँगी गाउँ विकास समितिका अध्यक्ष नीलकण्ठ तिवारी भारतीय क्षेत्रबाट हात्तीको बथान भित्रिन नदिने र स्थानीयवासीलाई ढुक्क महसुस गराउने ठोस कार्ययोजनासहित सरकार अघि बढ्नुपर्ने बताउँछन् । तर स्थानीयमा भने त्रास हटेको छैन ।

## विश्वकप विशेष



# कोलम्बियाको विजयी सुरुवात




**एजेन्सी/** विश्वकप फुटबलमा कोलम्बियाले उज्वेकिस्तानमाथि ३-१ को सहज जित दर्ता गरेको छ। खेलको अन्तिम समयसम्म रोमान्चक बनेको प्रतिस्पर्धामा कोलम्बियाले उत्कृष्ट पुनरागमन गर्दै जित आफ्नो पोल्टामा पारेको हो। खेलको अन्त्यतिर रंगशालामा उपस्थित हजारौं समर्थकलाई उत्साहित बनाउँदै कोलम्बियाका जेमिन्टन क्याम्पाजले उत्कृष्ट गोल गरेपछि टोलीको जित सुनिश्चित भएको थियो । दायाँ विङस्बाट कुचो हर्नान्डेजले मिलाइदिएको सटिक क्रस पासलाई सदुपयोग गर्दै क्याम्पाजले हेडिङमार्फत बललाई पोष्ट दिशा दिएका थिए ।

कर्नर फ्ल्यागनजिक बल 'होल्ड' गरेर समय कटाउने अनुमान विपरीत हर्नान्डेजले कडा मिहिनेतका साथ डिफेन्डरलाई छक्याउँदै निकालेको 'पिनपोइन्ट' क्रस खेलको मुख्य आकर्षण बनेको थियो। क्याम्पाजले गोल गरे पनि उक्त बलको सम्पूर्ण श्रेय हर्नान्डेजको विङ्गस् विष्फोट र सटिक डेलिभरीलाई जान्छ । उज्वेकिस्तानले खेलमा फर्कने केही प्रयास गरे पनि कोलम्बियाको बलियो रक्षापंक्ति र आक्रामक रणनीतिसामु उनीहरूको सीप चलेन।




## स्वास्थ्य

# शरीरलाई पानी चाहिएको कसरी थाहा पाउने ?

**दमक/** यदि तपाईं पनि यस सूचीमा समावेश हुनुहुन्छ भने, यो लेख तपाईंको लागि उपयोगी साबित हुन सक्छ । आजको यस लेखमा हामी शरीरमा पानीको कमी छ कि छैन अनि आवश्यकता अनुसार पानी कसरी पिउने भनेर सिकाउनेछौँ ।

पानीको अभावले विभिन्न समस्याहरु निम्त्याउन सक्छ । त्यसकारण, केही मानिसहरु तिर्खा नलागे पनि पानी पिउँछन् र दिनभरि कयौँ लिटर पानी पिउँछन् । शरीरलाई पानी चाहिएको कसरी थाहा पाउने ?



**पिसाबको रंग**

पिसाबको रङले शरीरलाई कति पानी चाहिन्छ भनेर संकेत गर्न मद्दत गर्दछ । कहिलेकाहीँ पिसाब हल्का पहेँलो देखेर नै मानिसहरु डराउन सक्छन् । तर पिसाब हल्का पहेँलो हुनु सामान्य हो । पिसाब गाढा पहेँलो छ भने चाहिँ यो निर्जलीकरणको संकेत हो ।

**छालाबाट पत्ता लगाउने**

छालाले पनि डिहाइड्रेसन सजिलै पत्ता लगाउन सक्छ । तपाईँ यसलाई पत्ता लगाउन आफ्नो पेट प्रयोग गर्न सक्नुहुन्छ । केवल दुई औँलाहरूले आफ्नो पेटमा छाला समात्नुहोस् र यसलाई छोड्नुहोस् । छाला तुरून्तै सामान्य अवस्थामा फर्कियो भने शरीरलाई पानीको आवश्यकता पर्दैन ।

**सुख्खा ओठ**

ओठ सुख्खा हुनुको मुख्य कारण डिहाइड्रेसन हुन सक्छ । मुख सुख्खा हुनु भनेको डिहाइड्रेसनको संकेत हो । यस्तोमा तपाईंले पानीको सेवन बढाउनु जरूरी हुन्छ ।

**पसिना नआउनु**

अत्यधिक गर्मीमा पसिना आउनु सामान्य घटना हो । तर यस्तो अवस्थामा पनि तपाईँलाई पसिना आइरहेको छैन भने यसको अर्थ तपाईँ डिहाइड्रेटेड हुनुहुन्छ । कम पानी खाँदा शरीरले पसिना निकाल्न सक्दैन ।

## सामान्य ज्ञान

१) **नेपालमा राष्ट्रिय योग दिवस कहिले मनाइन्छ ?**
*(क) माघ एक गते (ख) माघ दुई गते*
*(ग) माघ तीन गते (घ) माघ चार गते*

२) **नेपालमा राष्ट्रिय भूकम्प दिवस कहिले मनाइन्छ ?**
*(क) माघ एक गते (ख) माघ दुई गते*
*(ग) माघ तीन गते (घ) माघ चार गते*

३) **हरियो रगको पुच्छ्रेतारा कति वर्षको अन्तरालमा पृथिवीको नजिक आएको हो ?**
*(क) ४० वर्ष (ख) ४५ वर्ष*
*(ग) ५० वर्ष (घ) ५५ वर्ष*

४) **उपमेयर मेरो साथी कार्यक्रम सञ्चालनमा ल्याउने स्थानीय तहको नाम के हो ?**
*(क) शिखर नगरपालिका डोटी*
*(ख) काठमाडौँ महानगरपालिका काठमाडौँ*
*(ग) ललितपुर उप-महानगरपालिका ललितपुर*
*(घ) भरतपुर महानगरपालिका चितवन*

५, **वीरगञ्ज र विराटनगरलाई महानगरपालिका घोषणा क f ह ल ` गरिएको हो ?**
*(क) २०७४ साल जेठ १४ गते (ख) २०७४ साल जेठ १५ गते*
*(ग) २०७४ साल जेठ १६ गते (घ) २०७४ साल जेठ १७ गते*

६) ***भ्रष्टाचार निवारण सम्बन्धमा जगबहादुर राणाको पालामा स्थापना गरिएको अ•को नाम के हो ?***
*(क) धर्मसभा (ख) धर्मकचहरी*
*(ग) राष्ट्रिय धर्मकचहरी (घ) राष्ट्रिय धर्मसभा*

७) महर्षि वाल्मीकि पूर्वजन्ममा को थिए ?
*(क) शोभाकर डाँकु (ख) जटायु*
*(ग) रत्नाकर डाँकु (घ) कागभुसुन्डी*

८) **चर्चित उपन्यास माधवीका लेखक को हुन् ?**
*(क) राममणि दीक्षित (ख) कमलमणि दीक्षित*
*(ग) सुन्दरमणि दीक्षित (घ) मदनमणि दीक्षित*

९) **माघी पर्व कुन समुदायमा प्रचलित पर्व हो ?**
*(क) थारू (ख) माझी (ग) सन्थाल (घ) झाँगड*

१०) **भकुन्डे बेसी नामक स्थान कुन जिल्लामा पर्छ ?**
*(क) सिन्धुपाल्चोक (ख) काभ्रेपलाञ्चोक*
*(ग) सिन्धुली (घ) मकवानपुर*

**सही उत्तर : १-(क), २-(ख), ३-(ग), ४-(क), ५-(घ), ६-(ख), ७-(ग), ८-(घ), ९-(क), १०-(ख)**

## मनोरञ्जन

# दयाहाङ-सौगातभन्दा मुकुन अगाडि




***दमक/** दुई डिमान्डेड नायकहरु दयाहाङ राई र सौगात मल्ललाई अर्का नायक मुकुन भुसालले बक्स अफिसमा पछि पारेका छन् ।*

*दयाहाङ र सौगात मल्ल शीर्ष भूमिकामा रहेको फिल्म 'मितज्यू'ले घरेलु बक्स अफिसमा १ करोड ३२ लाख ग्रस कलेक्सन गरेको छ । यता मुकुनको फिल्म 'रोल नम्बर १' ले १ करोड ३५ लाख ग्रस कलेक्सन गरेको छ ।*

*दुई स्टार नायक रहेको फिल्मभन्दा 'रोल नम्बर १'ले बढी दर्शकलाई हलमा तानेको हो । चलचित्र विकास बोर्डका अनुसार 'मितज्यू'का लागि ४६ हजार १५४ वटा टिकट बिक्री भएको छ । 'रोल नम्बर १' हेर्न ४७ हजार १५१ वटा टिकट किनिएको छ । 'मितज्यू' जेठ ८ र जेठ १५ बाट 'रोल नम्बर १' प्रदर्शनमा आएको हो । बोर्डले जेठ ३१ सम्मको बक्स अफिस रिपोर्ट सार्वजनिक गरेको हो ।*

*यो वर्ष प्रदर्शनमा आएका फिल्महरूलाई एक करोड ग्रस कलेक्सन कटाउन सकस भइरहेको अवस्थामा नायिका स्वतस्तिमा खड्का भने निकैअघि देखिएकी छन् । उनको फिल्म हिट बनेको छ ।*

*यो फिल्मले बक्स अफिसमा ९ करोड १६ लाख ग्रस कलेक्सन गरेको छ । डिमान्डेट नायकहरूसँग बक्स अफिसमा प्रतिस्पर्धा गरेरै यो फिल्म हिट भएको हो । फिमेल लिड यस फिल्मको सफलताले स्वस्तिमाको स्टारडम उजागर गरेको हो ।*




आज मिति
२०८३ साल
असार ०५ गते
शुक्रबार
19 June, 2026
तिथि: पञ्चमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मित्र मिलन । परिवारमा सुख सयल । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पठन पाठनमा सुधार । परिश्रम बढी गर्नुपार्ला । |
| मिथुन | का कि कु घ ङ छ के को हा | वैदेशिक रोजगारको अवसर । स्वास्थ्यमा क्रमिक सुधार । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | परिवारमा मेलमिलाप । ब्यापार व्यवसायमा सफलता । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | जीवनसाथीबाट धोका । मन भने चञ्चल । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | आर्थिक पक्षमा सुधार । सामाजिक कार्यमा व्यवस्थता। |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | धर्मकर्ममा आस्था बढेर जाने । मनमा धेरै विचार आउने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | स्त्रीसाथीबाट सहयोग । गरेका कामहरुमा सफलता । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मान्यजनसँग दर्शनभेट । मन खुशी, धन लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | अध्ययन क्षेत्रमा परिश्रम बढी नै गर्नुपर्ने देखिन्छ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आफन्तबाट धोका । स्वास्थ्यमा गडबड |
| मीन | दि दु थ झ ञ दे दो चा ची | परिवारमा खुशीयाली । पाहुनाको आगमन । |




आ.ब. ०८३/८४ का लागि वार्डमा आएको बजेटको आधारमा टोलटोलबाट योजनाहरू प्रस्तुत गरी छलफल गर्नुपर्ने प्रक्रिया अनुसार बिहीबार दिपिनी स्कुलमा भेला भएका दमक वार्ड नं. ५ का टोल प्रतिनिधि, वार्ड अध्यक्ष तथा सदस्यहरू र सर्वसाधारणको भेलाको एक दृश्य ।

**राष्ट्र....**यस्तै, साना तथा मझौला क्षेत्रका लागि कर्जा प्रक्रिया सरल बनाउन र स्पष्ट मापदण्ड तोक्न सुझाव दिइएको छ। हाल बैंकहरूले झन्झटिलो प्रक्रियाका कारण उद्यमीलाई व्यक्तिगत कर्जा लिन बाध्य पार्दा लागत बढेको महासंघको ठहर छ। वर्किङ क्यापिटल लोन टु सेल्स रेसियोलाई उद्योगको प्रकृति अनुसार परिमार्जन गर्न र हालको १२.५ प्रतिशतलाई १२ प्रतिशतमा झार्न महासंघले सुझाव दिएको छ।

# दमकमा मन्टेश्वरी तालिम सुरु




दमक । दमक नगरपालिकाको वडा नम्बर ३ मा युवालाई लक्षित गरी सञ्चालन गरिने मन्टेश्वरी तालिम बुधबारबाट औपचारिक रूपमा सुरू भएको छ ।

वडा कार्यालयले आर्थिक वर्ष २०८२/०८३ अन्तर्गतको युवा लक्षित कार्यक्रमअन्तर्गत मन्टेश्वरी तालिम सञ्चालन गरेको वडाअध्यक्ष बालकृष्ण कोइरालाले बताए । २१ जना प्रशिक्षार्थीको आवेदन परेपछि छनोट भएका सहभागीहरूलाई उक्त तालिम प्रदान गरिएको उनको भनाई थियो ।

वडाअध्यउक्ष कोइरालाले युवाहरूको सीप विकास तथा रोजगारीका अवसर विस्तार गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बताए। उनले तालिमबाट सहभागीहरूले मन्टेश्वरी शिक्षण क्षेत्रमा आवश्यक आधारभूत दक्षता हासिल गर्ने विश्वास व्यक्त गरे।

वडा कार्यालय परिसरमा आयोजित कार्यक्रममा तालिमको उद्घाटन गरिएको थियो । सीप विकास तालिम केन्द्र दमकले सहजीकरण गरेको उक्त तालिममार्फत् सहभागीहरूलाई प्रारम्भिक बालशिक्षा तथा मन्टेश्वरी शिक्षण पद्धतिसम्बन्धी ज्ञान, सीप र व्यावहारिक अनुभव प्रदान हुने वक्ताले बताए ।

तालिममा रोशिन दाहाल ढकाल, मनिषा तामाङ, प्रतिक्षा भट्टराई, अमिका कार्की, राधिका नेपाल, मोनालिसा श्रेष्ठ, प्रजना श्रेष्ठ, स्मानिका खतिवडा, सुकु कुमारी सापकोटा, रञ्जु पौडेलसहित २१ जना सहभागी रहेका छन्।

दमक नगरपालिकाले युवालाई स्वरोजगार तथा पेशागत सीपसँग जोड्ने उद्देश्यले विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ। मन्टेश्वरी तालिम पनि सोही कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको जनाइएको छ।

## झापाका १५ पालिकाको न्यायिक सम्मेलन सम्पन्न,

# १७ बुँदे 'झापा घोषणापत्र २०८३' सार्वजनिक

**दमक/** झापाका १५ वटै स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूको जिल्ला स्तरीय सम्मेलन १७ बुँदे साझा घोषणापत्र सार्वजनिक गर्दै सम्पन्न भएको छ । कमल गाउँपालिका न्यायिक समितिको आयोजना तथा कञ्चनजंघा रिसर्च एण्ड डेभलपमेन्ट इन्स्टिच्युट, ताप्लेजुङको सहजीकरणमा दुई दिनसम्म सञ्चालन भएको सम्मेलनमा जिल्लाका १५ वटै पालिकाका न्यायिक समिति संयोजक, पदाधिकारी, मेलमिलापकर्ता, उजुरी प्रशासक तथा सम्बन्धित कर्मचारीहरूको सहभागिता रहेको थियो ।

सम्मेलनले नेपालको संविधानको धारा २१७ अनुसार गठन भएका न्यायिक समितिहरूको संवैधानिक मर्म र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको न्यायिक अभ्यासलाई संस्थागत गर्ने प्रतिबद्धतासहित 'झापा घोषणापत्र-२०८३' सार्वजनिक गरेको हो । घोषणापत्रमा स्थानीय तहमा न्यायको पहुँच विस्तार, न्यायिक समितिको सुदृढीकरण, मेलमिलाप प्रवर्द्धन तथा सेवा प्रवाहमा प्रविधिको उपयोगलगायतका विषयलाई प्राथमिकता दिइएको छ ।

सम्मेलनमा सहभागी भद्रपुर, मेचीनगर, बिर्तामोड, दमक, अर्जुनधारा, कनकाई, शिवसताक्षी, गौरादह नगरपालिका तथा कमल, बुद्धशान्ति, कचनकवल, झापा, बाह्रदशी, गौरीगञ्ज र हल्दीबारी गाउँपालिकाका न्यायिक समितिका प्रतिनिधिहरूले स्थानीय न्याय सम्पादनलाई थप प्रभावकारी बनाउन साझा प्रतिबद्धता व्यक्त गरेका छन् ।

घोषणापत्रमा समुदायस्तरका विवादहरूलाई छिटो, छरितो, निष्पक्ष र मितव्ययी ढंगबाट समाधान गर्ने, न्यायिक समितिको स्वायत्तता र गरिमालाई सम्मान गर्दै कार्यपालिकासँग समन्वय बढाउने तथा न्यायिक सेवाका लागि आवश्यक बजेट, भौतिक पूर्वाधार र स्रोत-साधनको सुनिश्चितता गर्ने विषय समेटिएको छ ।

त्यसैगरी, न्यायिक समितिमा दक्ष जनशक्तिको स्थायी व्यवस्थापन, उजुरी व्यवस्थापनदेखि फैसला कार्यान्वयनसम्मका प्रक्रियालाई डिजिटल प्रणालीमा रूपान्तरण, वडा तहसम्म स्रोत-सम्पन्न मेलमिलाप केन्द्र स्थापना तथा कानुनी साक्षरता अभियान सञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ । सम्मेलनका सहभागीहरूले स्थानीय तहको न्यायिक प्रणालीलाई अझ सक्षम, विश्वासिलो र नागरिकमैत्री बनाउने दिशामा झापा घोषणापत्र-२०८३ महत्वपूर्ण मार्गदर्शक दस्तावेजका रूपमा स्थापित हुने विश्वास व्यक्त गरेका छन् ।

## अन्तर्राष्ट्रिय

# वैदेशिक कामदारको विकल्प खोज्दै मलेसिया

एजेन्सी । मलेशियाका मानव संशाधन मन्त्री स्टिभन सिमले विदेशबाट थप नयाँ कामदारहरु भित्र्याउनुको साटो हाल मलेशियामै बसोबास गरिरहेका शरणार्थीहरूलाई कानुनी रूपमा रोजगारीको अवसर दिनुपर्ने प्रस्ताव राख्नुभएको छ।

मलेशियाका विभिन्न औद्योगिक तथा व्यावसायिक क्षेत्रहरूमा देखिएको तीव्र श्रम अभावलाई सम्बोधन गर्न मन्त्री सिमले यस्तो सुझाव दिनुभएको हो। बाहिरबाट नयाँ विदेशी कामदार ल्याउँदा प्रक्रिया लामो र खर्चिलो हुने भएकाले देशभित्रै उपलब्ध जनशक्तिलाई उपयोग गर्नु व्यावहारिक र किफायती हुने उहाँको तर्क छ।

हाल मलेशियाको गृह मन्त्रालयले पनि तीव्र श्रम अभाव झेलिरहेका बगान, कृषि, र निर्माण जस्ता विशेष क्षेत्रहरूमा मात्र सीमित रहने गरी शरणार्थीहरूलाई सर्तसहित रोजगार बजारमा प्रवेश गराउने योजनामा काम गरिरहेको छ। यस नयाँ नीति अन्तर्गत मलेशियामा रहेका शरणार्थीहरूको लगत दर्ता ( Biometric Registration) गरी उनीहरूलाई कानुनी दायरामा ल्याइनेछ। सरकारको यो कदमले एकातिर विभिन्न क्षेत्रमा देखिएको श्रमिकको मागलाई तत्काल पूरा गर्नेछ भने अर्कोतिर रोजगारी नपाएर शरणार्थीहरु आपराधिक वा अवैध गतिविधिमा लाग्न सक्ने जोखिमलाई पनि कम गर्ने विश्वास लिइएको छ।

मलेशिया नेपाली श्रमिकहरूको एक प्रमुख गन्तव्य मुलुक रहँदै आएको छ। यदि मलेशिया सरकारले नयाँ विदेशी कामदारको कोटा कटौती गरेर देशभित्रकै शरणार्थीहरूलाई प्राथमिकता दिन थाल्यो भने, भविष्यमा नेपाल लगायतका अन्य देशबाट जाने नयाँ कामदारहरूको माग र प्रक्रियामा केही थप कडाइ वा फेरबदल हुन सक्ने अनुमान गर्न सकिन्छ।

# अमेरिका र इरानबीच १४ बुँदे उक्त सहमति

**एजेन्सी/** अमेरिका र इरानबीच युद्धविरामको अवधि थप गर्ने सहमति कार्यान्वयनमा आएको छ । १४ बुँदे उक्त सहमतिअन्तर्गत विश्व व्यापारका लागि महत्वपूर्ण मानिने होर्मुज जलडमरूमध्य पुनः सञ्चालनमा ल्याइने भएको छ । सहमति अनुसार अमेरिकाले इरानमाथि लगाएको नौसैनिक नाकाबन्दी हटाउने प्रक्रिया सुरू गर्नेछ भने ३० दिनभित्र उक्त नाकाबन्दी पूर्ण रूपमा अन्त्य हुनेछ । इरानले पनि आगामी ६० दिनसम्म होर्मुज जलडमरूमध्यबाट आवतजावत गर्ने व्यावसायिक जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न सक्दो प्रयास गर्ने र कुनै शुल्क नलिने प्रतिबद्धता जनाएको छ ।

**धान....**सुरक्षित रूपमा भण्डारण गर्ने व्यवस्था नहुँदा किसान तत्काल बिक्री गर्न बाध्य बन्नु परेको हो । "पानी परेपछि धान उम्रिने डर हुन्छ । सुकाएर लामो समय राख्ने ठाउँ छैन । त्यसैले जतिमा बिक्री हुन्छ, त्यतिमै बेच्नु परेको छ ।" उनले गुनासो पोखे । सरकारले धानको न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा लागु गर्नुपर्ने, खरिद केन्द्र सञ्चालन गर्नुपर्ने र सुरक्षित भण्डारणको व्यवस्था गर्नुपर्ने माग किसानले गर्ने गरेका छन् । अन्यथा लागत बढ्दै जाने र मूल्य घट्दै जाने अवस्थाले खेतीबाटै विस्थापित हुने खतरा बढेको उनीहरूको भनाइ छ ।

धानको मूल्य भुइँमा झर्दै जाँदा किसानको मनोबल पनि ओरालो लागेको झापाका किसान अगुवा तथा लगनशील कृषि सहकारी संस्थाका पूर्वअध्यक्ष डम्बरबहादुर निरौला बताउँछन् । उत्पादन बढाउने सरकारी नीतिभन्दा पहिले उत्पादनको उचित मूल्य सुनिश्चित गर्नुपर्ने आवाज कृषकबाट उठ्न थालेको उनले बताए ।

**कोशीका......** प्रदेश सहकारी ऐन २०७६ को दफा ७३ बमोजिम ती संस्थाहरूलाई 'किन खारेज नगर्ने ?' भन्दै कार्यालयले १५ दिनभित्र सफाइ पेश गर्ने मौका दिएको छ । सूचनामा उल्लेख भए अनुसार तोकिएको समयभित्र चित्तबुझ्दो जवाफ नआएमा वा सम्पर्कमा नआएमा ती सहकारीहरूलाई ऐन बमोजिम विधिवत रूपमा खारेज गरिने बताइएको छ ।

**झापामा...** चुनौतीपूर्ण देखिएको छ । यस अवधिमा जङ्गली जनावरको आक्रमणका आठ वटा घटना भएका छन् । जसमा परेर एक जनाले ज्यान गुमाएका छन् भने नौ जना घाइते भएको तथ्यांक रहेको छ । वन्यजन्तुको आक्रमणबाट मात्रै रू तीन लाख ७० हजार बराबरको क्षति पुगेको प्रहरीको भनाइ छ । यस्तै, चट्याङ्बाट रू एक लाख ३६ हजार ५०० को भौतिक क्षति भएको तथ्यांक छ । सोही अवधिमा आएको बाढीपहिरोको घटनामा मानवीय क्षति नभए पनि प्रहरी टोलीले विपद्मा फसेका सात जनाको सकुशल उद्धार गरेको थियो ।

प्रहरीले विपद्का घटनालगत्तै नागरिकको जीउधनको रक्षा, उद्धार र राहतका आवश्यक प्रहरी जनशक्ति परिचालन गरेको सूचना अधिकारी अवाले जानकारी दिए ।

**बालेनलाई......** ४ सहमहामन्त्रीको व्यवस्था रहेकोमा अब ५ जना पुऱ्याइने भएको हो । त्यसमा १ जना महिला अनिवार्य हुनुपर्छ । उपसभापति, सहप्रवक्ता र सहकोषाध्यक्षमा पनि एक महिला अनिवार्य गरिएको छ ।

# डुबेर बालिकाको मृत्यु

**उदयपुर/** उदयपुरको चौदण्डीगढी नगरपालिका ९ कि एक १४ वर्षीय बालिकाको स्थानीय देवधार खोलामा डुबेर मृत्यु भएको छ । स्थानीय बुधन सदाको छोरी १४ वर्षकी आयुसा सदाको मृत्यु भएको प्रहरीले जनाएको छ । चौदण्डीगढी नगपालिका वडा १० स्थित देवधार खोलाको दहमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएकी आयुसा प्रहरी टोली र स्थानीय बासिन्दाले संयुक्त रूपमा खोजतलास गर्ने क्रममा सोही दहमा साँझ ७ बजे मृत अवस्थामा फेला परेकी हुन् ।

# दमकमा लागुऔषध विरुद्ध सचेतना




**दमक/** दमक नगरपालिका वडा नं. ८ को कार्यालयले अभिभावक तथा विद्यार्थी लक्षित लागुऔषध विरूद्ध सचेतना कार्यक्रम सम्पन्न गरेको छ । दमक ८ को पशुपति संस्कृत मावि र जनता आधारभूत विद्यालयमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव निरीक्षक कुमार खतिवडा तथा लागुऔषध नियन्त्रणका क्षेत्रमा क्रियाशिल पवन विष्टले सहजीकरण गरेका थिए ।

लागुऔषधको बढ्दो प्रयोग, यसका दुष्परिणाम तथा नियन्त्रणका उपायबारे जानकारी गराइएको कार्यक्रममा विशेष गरी किशोर तथा युवावर्ग लागुऔषधको जोखिममा पर्ने भएकाले अभिभावक, शिक्षक र समुदायको भूमिका अत्यन्त महत्वपूर्ण हुने भएकाले सबैले साझा समस्याका रूपमा लिनुपर्ने बताए ।

सहजीकरणका क्रममा लागुऔषध सेवनले व्यक्तिको स्वास्थ्य, शिक्षा, पारिवारिक सम्बन्ध र सामाजिक जीवनमा पार्ने नकारात्मक असरबारे उदाहरणसहित चर्चा गरिएको थियो । कार्यक्रममा दमक ८ का वडाअध्यक्ष धर्मप्रसाद दाहालले यस्ता सचेतनामूलक कार्यक्रमले लागुऔषध दुर्व्यसन नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# चिया निर्यातको अवरोधमा वाणिज्य संघको ध्यानाकर्षण

**भद्रपुर/** झापा उद्योग वाणिज्य संघले भारतीय चिया बोर्डले जारी गरेको नयाँ स्ट्याण्डर्ड अपरेटिङ प्रोसिडर (एसओपी)-का कारण बैशाखको सुरूदेखि नेपाली चिया निर्यातमा देखिएको अवरोधप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

संघका कार्यवाहक अध्यक्ष राजकुमार राई र महासचिव सुमन मैनालीको संयुक्त हस्ताक्षरबाट जारी विज्ञप्तिमा भनिएको छ- 'नेपालको प्रमुख निर्यातजन्य कृषिवस्तुमध्ये एक चियामा गुणस्तर परीक्षणको नाममा भारतीय पक्षबाट चिया आयातमा थप अवरोध सिर्जना हुँदा नेपाली चिया उद्योग, निर्यात व्यवसायी, किसान तथा मजदूरहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन्, विशेष गरी चियाको उत्पादन तथा प्रशोधनको मुख्य सिजन सुरूभइसकेको अवस्थामा तयारी चिया निर्यात अवरूद्ध हुनु अत्यन्त चिन्ताको विषय हो ।'

संघले नेपाल चिया उत्पादक संघको नेतृत्वमा उद्यमीहरूले पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदा पनि त्यसलाई सरकार संवेदनशील नहुँदा उत्पादक संघले उद्योगहरू बन्द गर्ने घोषणा गर्न वाध्य भएको अवस्थालाई गम्भीरतापूर्वक लिइएको उल्लेख गरिएको छ ।

नेपाल सरकार, मातहतका मन्त्रालय तथा सरकारी निकाय नेपाल उद्योग वाणिज्य महासंघ,नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशसमेतलाई तत्काल यो विषयमा कुटनीतिक, राजनीतिक तथा प्रशासनिक पहल गरी भारतीय पक्षसँग वार्ता र समन्वयमार्फत समाधान गर्न विज्ञप्तिमार्फत आग्रह गरेको छ ।

## उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७ बस्ने यादव कुमार भुजेलको नाममा दर्ता कायम रहेको मधुमल्ला ५/झ मा भएको कि.नं. ३८५७ज.वि. ०-०-१०-१मा बनेको घर अभिलेखिकरका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्बतर्फ सँधियार जय कुमार राई उपस्थित नहुनु भएको हुँदा उहाँलाई उक्त स्थानमा घर अभिलेखिकरण गर्दा कुनै विरोध भएमा सो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सुचना मर्फत् जानकारी गराइन्छ अन्यथा निजको नाममा नियम अनुसार घर अभिलेखिकरण भई जाने व्यहोरा जानकारी गराइन्छ ।

## ई-रिक्सा मूल्य सूची सम्बन्धी सूचना

शुभयात्रा कन्स्ट्रक्सन एण्ड टेक प्रा.लि. दमकमा ARROW AUTO motive
इन्डीयन ब्रान्डको EV-11 मोडल ५ सीट क्षमताको इन्डीयन
ई-रिक्सा रू. १,६०,८०० मुल्य र ईकार्ट EV-I21 २,२२,५०० मूल्यमा उपलब्ध छ ।
size (L2800xW 1000x H1800) MM

**शुभयात्रा कन्स्ट्रक्सन एण्ड टेक प्रा.लि.**

प्यान नं. ६०३५१५३३८, दमक-८, झापा, सम्पर्क : ९८५२६५०४६१






ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने ३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने । ५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने । १५ ) दाँतको OPD सेवा ।

आवद्ध डाक्टरहरू

☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल